- चालु आर्थिक वर्षमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिका भित्रका सामुदायिक विद्यालयमा स्थलगत अनुगमन तथा मेन्टरिङका माध्यमबाट प्राप्त प्रतिवेदनका आधारमा ४१ जना युवा स्वयंसेवक शिक्षकलाइ आवश्यक मेन्टेरिङ व्यवस्थापन गरी कक्षा सञ्चालन गरिएको छ।
- नगरपालिका भित्रका कक्षा १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुको छात्रवृत्ति तथा २५ जना विपन्न परिवारका जेहेन्दार कक्षा ११ मा अध्ययनरत विद्यार्थीको लागि नगरपालिकाबाट ५ प्रतिशत र विद्यालयबाट ५ प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अन्तर्गत नगरपालिकाबाट विद्यार्थी छनौट गरी विद्यालयमा सिफारिस गरिएको छ।
- बालविकास देखि कक्षा ५ सम्मका ३८७८ जना विद्यार्थीहरु दिवाखाजा कार्यक्रमबाट लाभान्वित भएका छन्। साथै सामुदायिक विद्यालयमा अध्ययरत १३६३ जना छात्राहरुका लागि नि:शुल्क स्यानेटरी प्याड खरिदको अन्तिम प्रकियामा रहेको छ।
- खैरहनी मा .वि मा कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन तथा अनुदान निकासा गरिएको छ।
- स्नातक तह सम्मको अध्ययन गर्न शैक्षिक सत्र २०८१ मा ११ जना छात्रा र दलित छात्रहरुलाई पठाईएको छ।
- आधारभूत तह र माध्यमिक तहका २१७ शिक्षकहरुको असोज महिनासम्मको तलव भत्ता तथा चाडबाड खर्च तथा बालविकास सहजकर्ता, कर्मचारी र लेखा सहायक तलवभत्ता निकासा सम्पन भएको छ ।
- खैरहनी नगरपालिकामा लागु भएको स्थानीय पाठ्यक्रम हामी र हाम्रो खैरहनीको कक्षा ४-८ सम्मको पाठ्यपुस्तक छपाइ तथा वितरणको कार्यसम्पन्न भएको छ।
- खैरहनीका कलाकर्मी तथा साहित्यकारहरुको भेला आयोजना गरिएको छ।
- जनएकता र मगनि आ.वि. लाई थाप स्मार्ट बोर्ड वितरण गरिएको छ।
- शैक्षिक सत्र २०८३ सालको शिक्षक तलवी प्रतिवेदन पारित गरिएको छ।

ग. पूर्वाधार विकास

९.१५ सडक

- पूर्व-पश्चिम राजमार्गको सडक सञ्जाल यसै क्षेत्र भएर गएको छ। सडक तथा यातायातको क्षेत्रमा अन्तर–सरकार साझेदारी र सहकार्य रहेको छ। नगरपालिकाको १३ वटै वडामा यातायातको पहुँच पुग्नेगरी पक्की सडक निर्माण भइ सकेको छ। नगर क्षेत्रभित्र रहेको कुल पक्की सडकको लम्बाई ६७ कि.मी. रहेको छ। नगर क्षेत्रमा १ वटा झोलुङे पुल सञ्चालनमा रहेको छ। संघीय राजधानी काठमाण्डौं, प्रदेश राजधानी हेटौंडा, अन्य जिल्ला र जिल्ला भित्रका अन्य गाउँ नगरपालिकासम्मका लागि यातायात सुबिधा उपलब्ध रहेको छ। काठमाडौं, भरतपुर, हेटौंडा र अन्य पूर्व पश्चिम राजमार्गका स्थानहरुमा समेत साना तथा ठूला सवारी साधनबाट यातायात सेवा उपलब्ध रहेको छ।
- चालु आर्थिक वर्षको कुल योजना ३७७ मध्ये ४६ वटा योजनाहरु उपभोक्ता समिति मार्फत सम्झौता भई २ वटै योजनाहरु सम्पन्न भएका छन्।
- यस चालु आ.व. मा स्वर्णतारा क्लबदेखि पुरानो पर्सा र खैरहनी चोक सम्मको मेडियन सहितको सडक स्तरोन्नती कार्य सम्पन्न भई फाउन्टेन र विभिन्न मुर्ति राख्ने कार्य सम्पन्न भएको छ ।
- यस आ.व मा लक्ष्य लिईएको मगनी घोलको आरसिसि तटबन्धन कार्य सम्पन्न भईसकेको छ र थप कार्यहरु आगाडी बडाइएको छ।
- चालु आ.व. मा खैरहनी ६ र ८ मा रहेको बुढीराप्तीमा ब्यारेज सहित मोटर सञ्चालनको योजना, पानी सम्बन्धी खेलहरु सहितको बालउद्यान कार्य, खैरहनी वडा नं. ६ मा कवर्ड हल र चैनपुर चोकमा नगरपालिकाको स्वागतद्वार निर्माणको क्रममा रहेको छन्।

९.१६ भवन, आवास तथा बस्ती विकास

- भवन निर्माणमा मापदण्ड तथा आधुनिक प्रविधिको अभ्यास विस्तार हुँदै गएको छ। भू–वर्गिकरणको कार्य भईरहेको छ। गत आ.ब. सम्मको लगत संकलनको अवस्थामा निवेदन पेश भएको आधारमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको घरपरिवार ३ हजार १ सय ७२ रहेको देखिन्छ। भवन निर्माणमा स्थानीय सामग्रीको उपयोगको अभ्यास कम हुँदै गएको छ भने आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घर निर्माणको अभ्यास वृद्धि हुँदै गएको छ।
- खैरहनी नगरपालिकाभित्र नयाँ घर नक्सा पासका लागि चालु आर्थिक वर्षको कार्तिक मसान्त सम्ममा जम्मा १६ वटा निवेदन प्राप्त भएका छन्। DPC level सम्म ३ वटा नयाँ भवनहरूले ईजाजत लिएका छन्।
- चालु आ ब मा.पुराना घरहरूको नक्शा अभिलेखिकरणको लागि ४३ वटा निवेदन प्राप्त भएकोमा २ वटा पुराना घर अभिलेखिकरण सम्पन्न भएको छ भने नयाँ १ वटा घर निर्माण सम्पन्न भएको छ।
- चालु आ ब मा.भवन यथास्थितिकारणको लागि १ वटा निवेदन प्राप्त भएको छ।
- खैरहनी नगरपालिकाभित्र चालु आ.ब म १० वटा कच्ची घर प्रमाणित भएको छ।

९.१७ विद्युत तथा वैकल्पिक ऊर्जा

- उर्जाको श्रोतका रूपमा दाउरा, विद्युत, एल.पि. ग्यास र सौर्य उर्जा नै प्रमुख रूपमा रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार विद्युतमा पहुँच भएका जनसंख्या ९२ प्रतिशत र खाना पकाउन ऊर्जाको

प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार संख्या ७१ प्रतिशत रहेकोमा हाल सम्म आइपुग्दा विद्युतबाट चल्ने सवारी साधनको पनि अभ्यास सुरु भएको छ। सौर्य ऊर्जाको उपयोग निजी प्रयोजन, सडक बत्ती तथा मठ मन्दिरहरूमा हुने गरेको छ । विद्युतीय चुलोको प्रयोग यस नगरपालिका भित्र धेरै बढेको छ भने अन्य नविकरणीय उर्जा प्रविधिहरुको प्रयोग पनि यस नगरपालिकामा बढिरहेको छ । नगर क्षेत्रमा सामूदायिक वनहरु तथा विभिन्न परियोजना समेतको सहयोगमा गोवर ग्याँस प्लान्ट निर्माण भई सञ्चालनमा रहेका छन् । नगरपालिकाको तर्फबाट विद्युत सेवाको विस्तार र पोल व्यवस्थापनको कार्य नियमित रुपमा भइरहेको छ ।

- खैरहनी नगरपालिकामा विद्युतमा पहुँच भएका जनसंख्या १०० प्रतिशत रहेको छ । विद्युत सेवालाई गुणस्तरीय र नियमित तथा उद्योग व्यवसाय मैत्री बनाउन नगरपालिकाले सम्बन्धित निकायसंग निरन्तर समन्वय र सहकार्य गरिरहेको छ ।

९.१८ सूचना तथा सञ्चार प्रविधि

- नगरपालिकाको सम्पूर्ण सेवालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास भइ रहेको छ । कार्यपालिका सबै निर्णयहरू र हरेक महिनाको मासिक खर्च नगरपालिकाको वेबसाइटबाट सार्वजनिक गरिएको छ । नगरपालिकाका गतिविधिहरूलाई नियमित रूपमा फेसबुक तथा युट्युव जस्ता सामाजिक सञ्जालमा अद्यावधिक गरिएको छ ।
- नगरपालिका/वडा अन्तर्गतका बिभिन्न स्थानहरुमा राखिएका सिसिटिभी सरभेइलेन्स, Software/Hardware, सिस्टमहरुको नियमित नियमन तथा अनुगमन गरिएको छ ।
- विभिन्न शाखाबाट प्राप्त सूचना तथा बिज्ञापन प्रकाशन तथा प्रसारण गरिएको छ ।
- नगरपालिका क्षेत्रभित्र निर्माण गरिएका सम्पूर्ण विकास निर्माण, सामाजिक, आर्थिक क्षेत्रमा भएका गतिविधिहरु Video Documentary तयार गरी पर्सा बजार अवस्थित LED Display मार्फत प्रसारण गरिएको छ ।
- विभिन्न सेवाहरु प्रदान गर्ने व्यवस्थालाई व्यवस्थित गर्ने उदेश्यले नगरपालिकाको स्मार्ट मोबाइल एप निर्माण गरि नियमित रुपमा अद्यावधिक गरिएको छ ।

घ. वातावरण तथा विपद् व्यवस्थापन

९.१९ वातावरण तथा विपद् व्यवस्थापन

- नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्याधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्य गरिएको छ ।
- खैरहनी नगरपालिकाको अगुवाई नगरपालिका भित्रका विपद जोखिम पहिचान, नक्साकन र जोखिमको विश्लेषण सहितको विपद सूचना व्यवस्थापन प्रणाली– विपद पोर्टलको निर्माणको कार्य सम्पन्न भएको छ।

- नगरपालिका क्षेत्रको मुख्य बजारक्षेत्रहरुमा फोहोरमैला व्यवस्थापन र बिशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई अभियान संचालन गरिएको छ।
- विपद् प्रतिकार्यमा महिला, युवाहरू, र जोखिममा रहेका समुदायहरूको सहभागिता सुनिश्चित गर्दै समावेशी नीतिको कार्यलाई एकीकृत गर्ने प्रणाली स्थापना भएको छ।
- वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिएको छ।
- खैरहनी नगरपालिकामा रहेको JCB , दमकल र राहत सामग्री उपयोग गरी विपद जन्य घटनाको प्रति कार्यको लागि नियमित अनुगमन गरिएको छ।
- १३ वटै वडामा वडास्तरीय विपद व्यवस्थापन समितिको गठन भएको छ।

९.२० वातावरणमैत्री स्थानीय शासन

- वातावरणमैत्री स्थानीय शासनको सन्दर्भमा नगरपालिकाले विभिन्न कार्यक्रम गर्दै आएको छ। खैरहनी नगरपालिका वातावरण तथा विपद व्यवस्थापन शाखाको काम काज स्थानीय शासन अन्तर्गत नै चलिरहेको छ ।
- खैरहनी नगरपालिका वातावरण तथा विपद व्यवस्थापन शाखाको काम काज स्थानीय शासन अन्तर्गत नै चलिरहेको छ। यस नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखाले नगर बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन एन, २०७५, फोहोरमैला व्यवस्थापन कार्यविधि-२०७६, खैरहनी नगरपलिकाको नदी/खानी क्षेत्रबाट नदिजन्य सामग्री उत्खन्न, संकलन तथा बिक्रि बितरण प्रक्रियामा भारी मेसिनरी औजार प्रयोग र अनुगमन सम्बन्धी कार्याबिधि २०७५ अनुसार काम काज संचालन भइरहेको छ।
- खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको परामर्श सेवा सम्बन्धी "कयर खोलाको ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन तथा बिक्रि वितरण गर्न प्रारम्भिक वातवरणीय परिक्षण" को IEE प्रतिवेदन यस पालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि -२०७७ बमोजिम स्वीकृत भएको छ।
- खैरहनी नगरपालिकको जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०८१ बमोजिम यस पालिका भित्र रहेका खानेपानी तथा सिचाई, कुलो समितिलाई दर्ता प्रक्रियामा ल्याई मात्र जलस्रोतको समुचित, संरक्षण, व्यवस्थापन , विकास र लाभदाय उपयोग गर्ने कार्यको यसै आर्थिक वर्षबाट सुरुवात भएको छ। हालसम्म तीनवटा जलस्रोत उपयोग गर्ने समितिलाई दर्ता प्रक्रियामा ल्याइएको छ।

९.२१ हरियाली तथा जैविक विविधता संरक्षण

- खैरहनी नगरपालिका भित्र हरियाली संरक्षण कार्य यस नगरपालिकाले हरेक वडामा स्थापित सामुदायिक वन उपभोक्ता समितिसंगको साझेदारीमा गर्दै आएको छ। यस अन्तर्गत आँप, लिची, कटर, कागती भुइकटरको बिउ बितरण गरी हरियाली संरक्षण गर्दै स्वच्छ वातावरण पैदा गर्न नगरपालिकाले कार्य सम्पादन भएको छ।
- यस नगरपालिकालको दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज अवस्थित रहेको छ , जस्ले गर्दा यो क्षेत्र पर्यटक विकासका लागि उचित गन्तब्य हुन सक्छ। यस नगरपालिकाको वडा न. १०,११,१२ ,१३ मध्यवर्ती क्षेत्रमा

(Buffer zone)पर्दछ । नगरपालिकाको करिब ३० प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ । नगरपालिकाभित्र कुल ४ वटा सामुदायिक वन रहेका छन । समशितोष्ण हावापानी रहेको यस क्षेत्रमा मध्यवर्ती क्षेत्र पनि रहेको छ ।

- वन तथा भूसंरक्षणको क्षेत्रमा अन्तर–सरकार साझेदारी विगतदेखि नै रही आएको छ। यस क्षेत्रमा विभिन्न जातका बोटबिरुवाहरू पाइन्छ। लोपोन्मुख जनावर, चरा तथा जडिबुटी समेत यस क्षेत्रमा पाइने गर्छ । जनावरहरूमा गैडा, बाघ, मृग, बनेल, आदि पाइने गर्दछ। नगर क्षेत्रमा विगत वर्षदेखि नै ५ -६ वटा पार्क रहेका छन्।

९.२२ अग्नि नियन्त्रण

- पूर्वी चितवनको ४ वटा नगरपालिका कालिका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाले संयुत्तरुपमा २ वटा बारुणयन्त्र संचालन गरी रहेका छन् । दुवै बारुणयन्त्रको व्यवस्थापन चारै नगरको लगानीमा खैरहनी नगरपालिकाले हेरिरहेको छ । यी वारुणयन्त्रबाट चालु आर्थिक वर्षको असोज मसान्तसम्म २० वटा अग्निजन्य घटनामा अग्नि नियन्त्रण गर्ने कार्य गरेको छ। आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँचमा कार्यलाई थप प्रभावकारी बनाइएको छ।
- आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँचमा कार्य भईरहेको छ ।

ङ. सुशासन तथा संस्थागत विकास

९.२३ वडा कार्यालय व्यवस्थापन

- खैरहनी नगरपालिकामा कुल १३ वटा वडा रहेका छन्। सबै वडा कार्यालय भएको स्थानमा सडक, संचार र विद्युत सेवा उपलब्ध रहेको छ। नगरपालिकाको केन्द्रबाट सबै वडा कार्यालयसम्म पुग्नका लागि पक्की सडक रहेको छ। सबै वडा कार्यालयको आफ्नै पक्की भवन रहेको छ।
- सबै वडाबाट सम्पत्ति कर लिन सक्ने व्यवस्था गरिएको छ। ३ लाख सम्मका योजनाहरुको सम्झौता वडा कार्यालयबाट नै हुने व्यवस्था गरिएको छ। यसले नगरपालिकाको सेवालाई विकेन्द्रिकरण गर्न मद्दत पुगेको छ।
- वडा कार्यालयमा प्रयाप्त कर्मचारीको व्यवस्था गर्ने प्रयास भएको छ । तालिम कार्यशाला आदिको माध्यमबाट वडा कार्यालयको क्षमता विकास गर्ने कार्य भइरहेको छ।

९.२४ स्थानीय तहको जनशक्ति विवरण

- नगर कार्यपालिका कार्यालय, शाखा, उपशाखा, इकाई र परियोजना कार्यक्रममा कार्यरत सबैखाले कर्मचारीहरूको कुल संख्या २१५ रहेको छ । जसमध्ये शाखा/उपशाखा/इकाई/परियोजना/कार्यक्रममा कार्यरत कर्मचारीहरूको संख्या ८४ जना, स्वास्थ्य शाखा माताहतका कर्मचारी संख्या ८५ जना, सेवा करार कर्मचारी संख्या १०८ जना र वडामा कार्यरत कर्मचारी ३९ जना रहेको देखिन्छ।

९.२५ शासकीय सुधार

- नगर कार्यपालिकाको कार्यलय तथा मातहतका वडा कार्यालय स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रको लागि आवश्यक पर्ने कर्मचारी समयमा नै व्यवस्था गरिएको छ। खैरहनी नगरपालिका अन्तर्गतका सबै वडाहरुबाट प्रदान गरिने सबै सेवाहरुलाई सूचना प्रविधिको अधिक प्रयोग गरेर सेवा प्रवाहमा अझ चुस्तता ल्याउने उद्देश्यले हरेक वडा कार्यालयलाई १/१ थान ल्यापटप, प्रोजेक्टर र साउण्ड सिस्टम प्रदान गरिएको छ।
- खैरहनी नगरपालिका अन्तर्गत रहेको वडा नं १, ३, ४, ८, ९ र ११ को प्रशासनिक वडा कार्यालय भवन आर्थिक वर्ष २०७४/७५ देखी आर्थिक वर्ष २०७८/७९ को अविधमा निर्माण सम्पन्न भइ सञ्चालनमा रहेकाछन्। खैरहनी नगरपालिका वडा नं. ५ मा प्रदेश सरकारबाट माटो परिक्षणका लागि ल्याब स्थापना भएकोमा सो ल्याबको लागि आवश्यक पर्ने जनशक्तीको व्यवस्था गरी सञ्चालन गरिएकोछ।
- खैरहनी नगरपालिका भित्र रहेको टोल विकास संस्थालाई विभिन्न योजना सञ्चालन तथा अनुगमन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चलान गरिएको छ। नगरपालिका अन्तर्गतका वडा सचिवज्यूहरुको क्षमता बिकास सम्बन्धि तालिम तथा अभिमुखिकरण तालिम संचालनको लागि सिफारिश गरिएको छ।
- सुचना प्रविधिको प्रयोग गर्दै संस्थागत विकासको लागि अत्यन्त आवश्यक इन्टरनेटको पहुँच सम्पूर्ण वडा कार्यालय तथा विद्यालय र स्वास्थ्य संस्थामा पुर्याइएको छ। सम्पूर्ण वडा र नगरपालिका कार्यालयलाइ समेट्ने गरी एकीकृत अनलाइन हाजिरीको व्यवस्था गरिएको छ।
- नगरपालिका कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई सुविधा पुर्याउने उद्देश्यले Automatic Queue Management Token System को व्यवस्था गरिएको छ। खैरहनी नगरपालिका अन्तर्गतका अपांग व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको ब्यबस्थापनको लागि Online Disability System को व्यवस्थापन गरिएको छ।
- नगरपालिका कार्यालयको सुरक्षाको लागि CCTV जडान गरिएकोछ । राजश्व शाखामा रहेका राजश्वरकरहरु उठाउनको लागि प्रयोग गरिएको Offline System लाई स्तरोन्नति गरेर एकीकृत सम्पत्ति कर वडाबाटनै उठाउन मिल्ने गरी Online System को व्यवस्था गरिएकोछ।
- आजको सुचना प्रविधिको युगमा बिभिन्न सेवाहरु कम्प्युटरीकरण गर्दै नगरपालिकालाई सूचना प्रविधि तर्फ थप अग्रसर गर्ने व्यवस्थापन मिलाइएको छ। नगरभरि रहेको सार्वजनिक विद्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुको कम्प्युटर तथा प्रिन्टर र अन्य सूचना प्रविधि सम्बन्धि Software हरुको मर्मत संभार गर्नको लागि कम्प्युटर टेक्निसियनको व्यवस्था गरिएकोछ।
- खैरहनी नगरपालिकाको सङ्गठन संरचनालाई थप ब्यबस्थित गर्नको लागि सङ्गठन तथा ब्यबस्थापन सर्वेक्षण गरी आवश्यक कुल जम्मा ३३ पदमा पदपूर्तिको लागि लोक सेवा आयोगमा माग गरिएको छ। यस नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा नपुगेका वडाहरु वडा नं. १, ३, ४, ५, ७, ८, ९, ११ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी आवश्यक कर्मचारीहरुको व्यवस्थापन गरिएको छ।
- स्थानीय तहबाट सञ्चालित योजना तथा सेवा प्रवाहको नियमित रुपमा अनुगमन तथा निरिक्षण गरिएको छ। नगरपालिकाको सम्पूर्ण गतिविधिलाई जनता समक्ष लैजानको लागि नियमित सार्वजनिक सुनुवाई गरिएको छ। नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयमा रहेका पुराना घटना दर्ता किताबहरुलाई Digitization गरिएकोछ।
- नगरपालिकाको Website को नियमित Maintenance and Update भैरहेको छ। कर व्यवस्थापन सफ्टवेयर तयार गरीएको छ। जनप्रतिनिधि र कर्मचारीहरुको लागि आधारभूत कम्प्युटर तालिम दिइएको

छ । कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिएको छ । अग्नि नियन्त्रणको लागि Fire Brigade र आवश्यक कमाचारिहरुको समेत व्यवस्था गरिएको डिजिटल नागरिक वडापत्र तयार गरिएको छ । मोबाइल एप्लिकेसन तयार गरिएको छ । SUTRA लागु गरिएको, Website को अध्यावधिक गरिएको, घटना दर्ता अनलाइन प्रणालीबाट गरिएको, नगर प्रोफाइल तयार गरिएको, BULK SMS सिस्टम लागु गरिएको, राजश्वलाई सुविधायुक्त बनाउन ई-पेमेन्टको सुरुवात गरिएको, घर नक्सा व्यवस्थापन गर्नको लागि Online EBPS सफ्टवेयर निर्माण गरिएको, कृषि तथा पशु व्यवस्थापनको लागि Online Internal Control System सफ्टवेयर निर्माण र संचालन गरिएको छ । नगरपालिकामा तिर्नुपर्ने सम्पूर्ण करहरु तिर्नको लागि Online E-Payment System सफ्टवेयर निर्माण र संचालन गरिएको छ ।

- नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयमा रहेका पुराना घटना दर्ता किताबहरुलाई Digitization गरिएको छ । जनप्रतिनिधि र कर्मचारीहरुको लागि आधारभूत कम्प्युटर तालिमलाई निरन्तरता दिइएको छ । विभिन्न सेवाहरु प्रदान गर्ने व्यवस्थालाई व्यवस्थित गर्ने उदेश्यले नगरपालिकाको स्मार्ट मोबाइल एप (KHAIRAHANI NAGARPALIKA) निर्माण गरिएको छ ।
- CIMS प्रणाली मार्फत online नागरिकता सिफारिसका लागि सम्पूर्ण वडाहरुको login तयार गरी उक्त कार्य संचालन गरिएको छ ।
- व्यवसाय दर्तालाई सरल बनाउन उक्त सिस्टमलाई Online बनाएर अपडेट गरिएको । खरिदको लागि Electronic Bidding System व्यवस्थापन गरिएको छ EMIS सिस्टम व्यवस्थापन भएको छ ।
- जनप्रतिनिधि लगायत कर्मचारीहरुको लागि घटना दर्ता लगायत अन्य सेवा प्रवाहको लागि अभिमुखीकरण तालिम,सहकारी संस्थाहरूको COPOMIS सफ्टवेयर व्यवस्थापन गरिएको विभिन्न सूचना प्रविधिको प्रयोग गरी नगरपालिकालाई E-Governance तर्फ उन्मुख गराउनको लागि प्रयास गरिएको छ ।
- क्षमता विकास योजना र सेवा प्रवाह मापडण्ड तयार गरी लागु गरिएको छ । कार्यालय परिसरमा आमाहरुको लागी स्तनपान कक्ष व्यवस्थापन गरिएको छ ।
- कार्यपालिकाका सबै निर्णयहरू र हरेक महिनाको मासिक खर्च नगरपालिकाको वेबसाइटबाट सार्वजनिक गरिएको छ । नगरपालिकाका गतिविधिहरूलाई नियमित रूपमा फेसबुक तथा युट्युव जस्ता सामाजिक सञ्जालमा अद्यावधिक गरिएको छ ।
- सार्वजनिक खरिदलाई खुल्ला र प्रतिस्पर्धी बनाउन सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्ने वस्तु तथा सेवा समेत विद्युतीय खरिद प्रणालीबाट खरिद गर्ने गरी व्यवस्था गरिएको छ । ३ लाख सम्मका योजनाहरू वडाबाटै सम्झौता हुने गरी नगरपालिकाको सेवालाई वडा स्तरसम्म विकेन्द्रीकरण गरिएको छ ।
- नगरपालिका/वडा अन्तर्गतका बिभिन्न स्थानहरुमा राखिएका सिसिटिभी सरभेइलेन्स, Software/ Hardware, सिस्टमहरुको नियमित नियमन तथा अनुगमन गरिएको छ । नगरपालिका अन्तर्गत पूर्व पश्चिम राजमार्ग र महत्त्वपूर्ण स्थानहरुमा थप सिसिटिभी जडानको लागि तयारी अन्तिम चरणमा रहेको छ । टोलविकास संस्थाहरुलाइ वाट्सअप मार्फत सूचना आदान प्रदान गर्ने गरी व्वस्थापन गरिएको छ भने १०८ वटै टोल बिकास संस्थाहरुमा महत्त्वपूर्ण सूचना समावेश गरी चिनारी वोर्ड निर्माण गरी व्यवस्थापन गर्ने कार्य अगाडी बढेको छ ।
- महालेखा परीक्षकले प्रदान गरेको आर्थिक वर्ष २०८०/८१ को अन्तिम प्रतिवेदन अनुसार खैरहनी नगरपालिकाको असुल उपर गर्नु पर्ने बेरुजु ४,६५,०५०/- रहेको छ । पहिल्यै देखि अल्या हुँदै आएको बेरुजु

मध्ये आर्थिक वर्षको दोश्रो चौमासिक सम्म रु २० लाख ७८ हजार १ सय बेरुजु रकम असुल उपर भएको छ।

९.२७ सामाजिक परीक्षण, जाँचपास र फरफारक

- नगरपालिकाको नियमित सामाजिक परीक्षण भैरहकेको। सामुदायिक विद्यालयको नियमित सामाजिक परीक्षण भइरहेको छ। गत आर्थिक वर्षसम्म सम्पन्न भएका सबै आयोजनाको जाँचपास फरफारक भएको छ।

९.२८ न्यायिक समिति सञ्चालन र व्यवस्थापन तथा सामाजिक मेलमिलाप

- मिति २०८३/०४/०५ गते खैरहनी नगरपालिका वडा नं. १ मा अवस्थित अन्नपूर्ण पोल्ट्री ब्रिडर्स फार्म प्रा.लि.ले प्रदुषण तथा दुर्गन्ध फैलाएको विषयमा स्थानीयवासीको उजुरीका आधारमा न्यायिक समितिका संयोजक, सहायक प्रमुख जिल्ला अधिकारी, वडाध्यक्ष, वातावरण विज्ञ, कानुनी सहजकर्ता, पत्रकार लगायतको टोलीबाट स्थलगत अनुगमन तथा निरीक्षण। कम्पनी सञ्चालक र स्थानीय पिडीत पक्षबीच ९ बुँदे सहमती कायम गरी विवाद समाधान।
- मिति २०८३/०४/२० गते खैरहनी नगरपालिका वडा नं.६ मा अवस्थित ओमकार आयल एण्ड एग्रो प्याकेजिङ इन्डष्ट्रिज प्रा.लि. ले वरपरको वातावरण दुर्गन्धित, प्रदुषित र स्थानीयको बालीनालीमा क्षति पुर्याएको विषयमा पिडीत पक्षको उजुरीको आधारमा न्यायिक समितिका संयोजक, वडाध्यक्ष, वातावरण विज्ञ, कानुनी सहजकर्ता सहितको टोलीबाट स्थलगत अनुगमन तथा निरीक्षण। कम्पनी सञ्चालकबाट पिडीत पक्षलाई मनासिब क्षतिपूर्ति भराउने सहित दुबै पक्षबीच ७ बुँदे सहमति कायम गरी विवाद समाधान।
- मिति २०८३/०६/०९ गते खैरहनी नगरपालिका वडा नं.१० मा अवस्थित पोल्ट्री फार्मबाट वातावरण प्रदुषण तथा दुर्गन्ध फैलिएको भनी पिडीत तथा स्थानीयवासीको उजुरीका आधारमा न्यायिक समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत, वातावरण विज्ञ, कानुनी सहजकर्ता, पत्रकार लगायतको टोलीबाट फार्मको स्थलगत अनुगमन तथा निरीक्षण। फार्म संचालनमा आवश्यक कागजी प्रकृया नपुगेको देखिएकोले दर्ता लगायतको आवश्यक प्रकृया तत्काल पुरा गरी दुर्गन्ध र प्रदुषण नियन्त्रण गरी मात्र संचालन गर्नुपर्ने भनी निर्देशन दिइएको। र दुबै पक्षबीच ५ बुँदे सहमती कायम गरिएको।
- मिति २०८३/०६/१३ गते खैरहनी नगरपालिका वडा नं. ३ गोठश्वरमा अवस्थित अन्नपूर्ण माछा दाना उद्योग लि.ले वातावरण प्रदुषण तथा दुर्गन्ध फैलाएको भनी पिडीत तथा स्थानीयवासीबाट उद्योगको मुलगेटमा तालाबन्दी गरेको विषयमा उद्योग संचालकको निवेदनको आधारमा न्यायिक समितिका संयोजक, सहायक प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत, वडाका जनप्रतिनिधि, वातवारण विज्ञ, कानुनी सहजकर्ता, पत्रकार लगायतको टोलीबाट उद्योगको स्थलगत अनुगमन तथा निरीक्षण र पटक पटकको उद्योग संचालक र पिडीत पक्षबीच छलफल पश्चात ५ बुँदे सहमती कायम गरी तत्कालको विवाद समाधान।
- खैरहनी नगरपालिका वडा नं. १२ मा अवस्थित बुङ्गुर फार्मबाट दुर्गन्ध तथा वातावरण प्रदुषण फैलिएको भनी पिडीत तथा स्थानीयवासीको उजुरीका आधारमा न्यायिक समितिका संयोजक, प्रमुख प्रशासकीय

अधिकृत, सम्बन्धित वडा जनप्रतिनिधि, वातावरण विज्ञ, कानुनी सहजकर्ता, पत्रकार लगायतको टोलीबाट उक्त फार्मको स्थलगत अनुगमन तथा निरीक्षण । पटक पटकको अनुगमन तथा निरीक्षण र सम्बन्धित फार्म संचालकलाई बुङ्गुर फार्म संचालनमा आवश्यक सजगता, सरसफाई र व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने भनी निर्देशन दिइएको । तत्पश्चात हाललाई प्रदुषणको समस्या समाधान ।

- जेनजी आन्दोलनका क्रममा वडा मेलमिलाप केन्द्रका फर्निचर, जिन्सी तथा कागजपत्रहरु जलेर नष्ट भएकाले वडा मेलमिलाप केन्द्रमा सोको यथार्थ विवरण तथा फर्निचर र जिन्सी सामाग्रीको आवश्यकता पहिचान सम्बन्धमा न्यायिक समितिबाट वडा मेलमिलाप केन्द्रको स्थलगत अनुगमन तथा निरीक्षण ।
- यस अवधिमा कुल ४६ वटा विवाद दर्ता भएकोमा २८ वटा विवाद समाधान । ५ वटा विवाद सम्मानित चितवन जिल्ला अदालतमा सिफारिस र १३ वटा विवाद प्रकृयामा रहेको ।

१०. ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची:

खैरहनी नगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा कार्यविधि संगालो र ऐन, निमावली, दिग्दर्शन, निर्देशिका, नीति, प्रतिकार्य योजना मापदण्डको संगालो राखिएको छ ।

११. तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरणहरु समेत खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np र फेसबुक पेजमा समेत राखिएको छ ।

१२. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण

यस नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

१३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

खैरहनी नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागि खैरहनी नगरपालिकाको आफ्नै वेबसाइट www.khairahanimun.gov.np रहेको छ ।

१४. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

खैरहनी नगरपालिकाले संचालन गरेका कार्यक्रमहरु आ.व. २०८१/०८२ को बजेट, निति तथा कार्यक्रम अन्तर्गत रहेको छ । सोको प्रगति प्रतिवेदन यस नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np रहेको छ ।

१५. सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:

यस नगरपालिकाको सम्पुर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु नगरपालिकाको प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिको छ।

१६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ।

१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको सोको विवरण

महत्वपूर्ण सूचनाहरु राष्ट्र र त्यस्तो विवरण यस नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा राख्ने गरिएको छ।

१८. खैरहनी नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरुको विवरण :

नगरपालिकाका जन निर्वाचित पदाधिकारीहरूको सम्पर्क विवरण :

क्र.स.	नाम, थर	पद	वडा	सम्पर्क
१	**शशी कुमार खनिया**	**प्रमुख**		९८५५०१६७७७, ९८५११६५४०१
२	**कविता उप्रेती**	**उप प्रमुख**		९८५५०६२२१८ ९८५५०१७८८८
३	**नवराज भुषाल**	**वडा अध्यक्ष**	१	९८५५०६२२७५
४	बुधरमिया महतो	कार्यपालिका सदस्य	१	९८६३४३२१२६
५	सिर्जना सुनार	सदस्य	१	९८२९०२५६४१
६	दिपेन्द्र चौधरी	सदस्य	१	९८५५०८०३३९
७	**रोहिणी प्रसाद उप्रेती**	**वडा अध्यक्ष**	२	९८४५३१४८७८
८	कमल खनाल	सदस्य	२	९८४५५३१९१२
९	मिना सुनार	सदस्य	२	९८२६२७९५२१
१०	आशी दराई	सदस्य	२	९८४५८४८०१८
११	युवराज बोगटी	सदस्य	२	९८४५०६७७३६
१२	**पूर्ण बहादुर गुरुङ**	**वडा अध्यक्ष**	३	९८५५०१५५४१
१३	प्रज्वला कुमारी घिमिरे	सदस्य	३	९८४४२२५५८७
१४	विष्णु माया कामि	कार्यपालिका सदस्य	३	९८४४३३४०३९
१५	आनन्द दराई	कार्यपालिका सदस्य	३	९८४५०४४५८१
१६	माधव श्रेष्ठ	सदस्य	३	९८४५३४४८८१
१७	कृष्ण बन्धु भुर्त्याल	सदस्य	३	९८४५०७३१५०
१८	**वेद बहादुर अधिकारी**	**वडा अध्यक्ष**	४	९८४५०५१५९५
१९	निर्मला थापा	सदस्य	४	९८४५९६२०६१
२०	मिरा परियार	सदस्य	४	९८२१८१९११२
२१	विवेक बिसुराल	सदस्य	४	९८६२०९८१४९
२२	तेज बहादुर आले	सदस्य	४	९८४५१६०७६४
२३	**छत्रनाथ सुवेदी**	**वडाअध्यक्ष**	५	९८४५०६७९८२
२४	मगनी चौधरी	सदस्य	५	९८४५१७४९६०
२५	कुन्ती परियार	सदस्य	५	९८४५१०४९१४

क्र.स.	नाम, थर	पद	वडा	सम्पर्क
२६	सुरज सुवेदी	सदस्य	५	९८५५०८३६७७
२७	छन्नु राम चौधरी	सदस्य	५	९८५११८८१६७
२८	**कमल प्रसाद न्यौपाने**	**वडा अध्यक्ष**	६	९८४५०८९२०८
२९	कमला कु. बस्नेत	सदस्य	६	९८४५४०८७८५
३०	मेनुका परियार	कार्यपालिका सदस्य	६	९८२१२१९६५१
३१	विकेन्द्र चौधरी	सदस्य	६	९८६५०४१०३९
३२	जीवन कुमार चौधरी	सदस्य	६	९८१५२४७८१९
३३	**मनेजर महतो**	**वडा अध्यक्ष**	७	९८५५०५०३१७
३४	सोमिया चौधरी	सदस्य	७	९८४५९२८४७८
३५	विष्णु माया विश्वकर्मा	सदस्य	७	९८१८६२१२८३
३६	जीवन कुमार श्रेष्ठ	सदस्य	७	९८४५०६३९८९
३७	मरल महतो थारु	सदस्य	७	९८४५५६३५२०
३८	**शंकर कंडेल**	**वडा अध्यक्ष**	८	९८४५१३८६२३
३९	वर्षा चौधरी	सदस्य	८	९८०९२२७३५०
४०	मिना विश्वकर्मा	सदस्य	८	९८६५०७६८०४
४१	श्याम कुमार पाठक	सदस्य	८	९८६१६४९४४०
४२	अनिल श्रेष्ठ	सदस्य	८	९८५५०८०७७०
४३	**बन्धु राम महतो**	**वडा अध्यक्ष**	९	९८५५०५१३४९
४४	बिक्रमिया महतो	कार्यपालिका सदस्य	९	९८४५५५०२६३
४५	विनु विश्वकर्मा	सदस्य	९	९८४५०९१९८३
४६	नविन चौधरी	सदस्य	९	९८६१२८१५२०
४७	नारायण भण्डारी	सदस्य	९	९८४५०६८४३६
४८	**चन्द्र बिक्रम चौधरी**	**वडा अध्यक्ष**	१०	९८५५०६५३४२
४९	मैया बि.क.	कार्यपालिका सदस्य	१०	९८४५०८९२८५
५०	मिरा चौधरी	सदस्य	१०	९८४५११२५७६
५१	जेयान्ति कुमारी पासवान	सदस्य	१०	९८१२२३७६८६
५२	नवराज पाठक	सदस्य	१०	९८६५३५८०४८
५३	सुरेन्द्र चौधरी	सदस्य	१०	९८०९१९३९६८

क्र.स.	नाम, थर	पद	वडा	सम्पर्क
५४	**दिपेन्द्र कुमार दराई**	**वडा अध्यक्ष**	११	९८४५१४२५५८
५५	गोमा देवी घर्ती	कार्यपालिका सदस्य	११	९८४५१३२९९३
५६	सरस्वती वि.क.	सदस्य	११	९८४५८१००९०
५७	राधिका सुवेदी	सदस्य	११	९८१७२३६२०३
५८	रामशरण दरै	सदस्य	११	९८१५२३७३८९
५९	**केदार नाथ पन्त**	**वडा अध्यक्ष**	१२	९८५५०६६७८३
६०	दुखीराम दराई	कार्यपालिका सदस्य	१२	९८६५०४५२०७
६१	अनिता चौधरी	सदस्य	१२	९८४५१४२१३०
६२	श्रीमाया कार्की	सदस्य	१२	९८४५१४१६५६
६३	एकला महतो	सदस्य	१२	९८२३०९४४९५
६४	श्याम प्रसाद रेग्मी	सदस्य	१२	९८४५२७३८५२
६५	**कुल प्रसाद भुषाल**	**वडा अध्यक्ष**	१३	९८५५०५८२९४
६६	मनमाया तामांग	सदस्य	१३	९८१३६१४६६०
६७	नारन देवी परियार	सदस्य	१३	९८५५०६६७६४
६८	जीवन कार्की	सदस्य	१३	९८५५०७३२६२
६९	शिव प्रसाद भुषाल	सदस्य	१३	९८४५०६४९६६

१९. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, थार

क्र.स.	नाम	पद	फोन नम्बर
१.	सुशीला अधिकारी	प्रमुख प्रशासकीय अधिकृत	९८५५०१५१११
२.	दामोदर अधिकारी	सूचना अधिकारी	९८४५०५०६७१